लुङ्ग्री गाउँपालिका रोल्पाको
आ.व. ०७८/७९ को बजेट वक्तव्य

सभाध्यक्ष एवं सदस्य महानुभावहरु,

१. नेपालको सबिधानले संस्थागत गरेको संघीय प्रणाली अन्तर्गत स्थानीय सरकारको रुपमा लुङ्ग्री गाउँपालिकाको आ.व.०७८/७९ को लागि आय व्यय विवरण सहितको बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

२. स्थानीय तह सम्म अधिकार पुर्याउने गरी विभिन्न समयमा संघर्ष गर्दै लोकतान्त्रिक गणतन्त्र एवम स्वतन्त्रताको लागि विभिन्न आन्दोलनका क्रममा जीवन आहुति दिनुहुने शाहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दछु ।

३. बिश्वब्यापी महामारी कोभिड-१९ को दोश्रो लहरबाट देश र बिदेशमा ज्यान गुमाउने नेपालीहरु प्रति र विश्वभरका मृतक प्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दछु ।

४. कोरोनाको प्रभावबाट सबै क्षेत्रहरु प्रभावित भएका छन् । अबको हाम्रो शत्रु भनेको भोक, रोग, गरिबी, पछौटेपन, अशिक्षा र अन्धबिश्वार नै हुन । यी समस्याहरु संग छुटकारा पाउन सरकारी, गैरसरकारी, निजि क्षेत्र र आम जनसहभागीताबाट मात्र सम्भव छ , अतः एकताका साथ अगाडी बढ्दै खुशी र सुखी पालिका निर्माणमा जुट्नु आजको आवश्यकता हो । मानव विकास र भौतिक पूर्वाधार विकासलाई संगसंगै तादाम्य मिलाएर लगेमा मात्र दिगो विकास सम्भव छ ।

५. जनचाहना छिटो र एकै पटक धेरै विकास भैदिओस् भन्ने मनोभाव स्वभाविक हुन्छ । तर साधन, श्रोतको सिमितताले असिमित आवश्यकता एकै पटक पुरा गर्न सम्भव हुदैन तसर्थ योजनाहरुको प्राथमिकिकरण गर्दै एकीकृत योजना अनुशरण गरी सबै वर्ग, क्षेत्र समेट्ने गरी सन्तुलित विकास गर्दै जाने गरी बजेट तर्जुमा प्रयास गरिएको छ ।

६. कोभिड-१९ को दोश्रो लहरको कारण भएको बन्दाबन्दीमा बजेट तर्जुमाका सबै चरणहरु पूर्ण रुपमा अनुशरण गर्न नसके पनि संघीय सरकार र प्रदेश सरकारले अवलम्वन गरेका परीलक्ष लगायतका आधारमा बजेट तर्जुमा गरिएको छ ।

७. विकासका लागि प्रचुर सम्भावना भएको यस लुङ्ग्री गाउँपालिकामा अवसर र चुनौतीहरु दुवै छन् । चुनौतीहरुलाई अवसरमा बदल्दै अगाडी बढेर मात्र लक्षमा पुग्न सकिने हुँदा चुनौतीहरुको सामना गर्नु नै हामी सबै जनप्रतिनिधिहरुको कर्तब्य हो । यस पालिकाका मुख्य चुनौती र समस्याहरु यस प्रकार छन् ।

- ✓ अशिक्षा, स्वास्थ्य, पेशा व्यवसाय तथा बढ्दो ब्यरोजगारिको समस्या ।
- ✓ साधन श्रोतको अपर्यासता
- ✓ भोगोलिक विकटता
- ✓ सार्वजनिक सम्पत्तिको अभिलेख नहुन
- ✓ गुणस्तरीय पूर्वाधार विकास गर्ने समस्या

दुर्गा बहादुर खड्का
गा.पा. अध्यक्ष

✓ प्रयास दक्ष जनशक्तिको अभाव
✓ अन्तर तह समन्वयको अभाव

८. सम्भावना र अवसरहरु :
✓ प्राकृतिक श्रोतको महत्तम उपयोग लिन सकिने । दिगो श्रोत बढाउन सकिने ।
✓ स्थानीय साधन श्रोतको आधार परिचालन गरी योजनाबद्ध विकासबाट दिगो विकास गर्न सकिने ।
✓ पालिकामा रहेका लुङ्ग्री नदि र बोज्याङ खोलालाई बहुउपयोगी कोरीडोरको रुपमा विकास गरी बहुलाभ लिन सकिने ।
✓ कृषि क्षेत्रको पकेट क्षेत्र उपक्षेत्र बनाई उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न सकिने ।
✓ मानव विकासमा जोड दिई स्वरोजगारका अवसर बढाउन सकिने ।
✓ सरकारी, गैरसरकारी र निजी क्षेत्रको साझेदारीमा विकासका क्षेत्र बढाउन सकिने ।
✓ स्थानीय कला , संस्कृति र प्राकृतिक क्षेत्रमा बिशेष योजना बनाई पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने ।
✓ संघ र प्रदेश सरकारको समन्वय र सहकार्यमा थप आवश्यकताहरु पुरा गर्न सकिने ।

९. लुङ्ग्री गाउँपालिकाको दिर्घकालिन सोच सहित बजेटका निम्न उद्धेश्य रहेका छन् ।
✓ व्यवसायिक कृषि र पशु पालन पेशा अवलम्वन गर्दै आत्म निर्भरता उन्मुख बनाउने ।
✓ व्यवसायिक तरकारी र नगदे बालीमा जिड दिई आय आर्जन बढाई स्वरोजगारी बढाउने
✓ शिक्षा र स्वास्थ्य विकासमा जोड दिने ।
✓ पूर्वाधार विकास गर्ने ।
✓ विपद ब्यवास्थापनको रोकथाम र नियन्त्रण गर्ने ।
✓ संस्थागत सुशासन प्रवर्धन र क्रमवद्ध विकास गर्ने ।
✓ समाबेशी र सन्तुलित बिकासमा जोड दिने ।
✓ उत्साही र प्रोत्साही कर्मचारी बनाई क्षमताको महत्तम उपयोग गर्ने ।

सभा अध्यक्ष एवं सभा सदस्य महोदय :

अब म यस लुङ्ग्री गाउँपालिकाको आ.व. ०७८/७९ को लागि निम्नानुसारको बजेट प्रस्तुत गर्न चाहन्छु ।

१०. विषयगत कार्यालयहरु तर्फ कूल रकम रु दुई करोड तिस लाख छुट्टाइएको छ । जसमा शिक्षा तर्फ रु एक करोड , स्वास्थ्य तर्फ रु चालिस लाख , कृषि तर्फ रु पैतिस लाख , भेटेनरी तर्फ रु पैतिस लाख र महिला विकास तर्फ रु बिस लाख छ ।

११. कोभिड-१९ को आउन सक्ने जोखिमलाई मध्यनजर गर्दै कोरोना कोषमा रु बिस लाख छुट्टाइएको छ । अन्य विपद व्यवस्थापनका लागि कोषको व्यवस्था गरिएको छ ।

१२. सुशासन र संस्थागत विकास गर्दै प्रदेश सरकारले तोके बमोजिमको जनप्रतिनिधि पदाधिकारी सुविधा बजेटको व्यवस्था गरिएको छ । स्थायी र करार कर्मचारीहरुलाई उच्च मनोबलका साथ उत्साही र उत्प्रेरीत गराई क्षमताको महत्तम उपयोग गर्न शुरु तलबको २० प्रतिशत सम्म कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता व्यवस्था गरिएको छ ।

१३. गाउँपालिका भर रहेका ७ वडा कार्यालयमा वडा नं ४ र ५ बाहेक सबै वडाको वडा कार्यालय भवन निर्माण भई सकेको कुरा सबैमा जानकारी छ । आ.व. ०७८/७९ मा वडा नं ५ को वडा कार्यालय भवन बनाउने कार्यलाई तिब्रता दिईने छ । गाउँपालिका प्रशासनिक भवनको लागि संघीय सरकार संग समन्वय गरिने छ ।

१४. सार्वजनिक जग्गा संरक्षणलाई उच्च प्राथमिकता दिईने छ ।

१५. संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समित र गैर सरकारी संस्थाबाट प्राप्त हुने समपुरक र पुरक अनुदानमा साझेदारी गर्न बजेट व्यवस्था गरिएको छ ।

१६. यस सम्मानित सभामा पेश भई सभाले पारित गरेको आगामी आ.व. ०७८/७९ को नीति तथा कार्यक्रम कार्यन्वयन गर्न सहयोग पुग्ने गरी बजेट व्यवस्थापन गरिएको छ ।

१७. गाउँपालिकाको आगामी आ.व.०७८/७९ को अनुमानित आय व्यय रु ५०३५५२४०३/- (अक्षेरुपी रु पचास करोड पैतिस लाख बाउन्न हजार चार सय तिन ) रहेको छ ।

१८. गाउँपालिको आगामी आ.व. ०७८/७९ को अनुमानित बजेटको श्रोत देहाय बमोजिम रहेको छ ।

क) संघीय सरकारबाट प्राप्त रु. ४३१८१५४०३/- (अक्षेरुपी रु त्रिचालिस करोड अठार लाख पन्ध्र हजार चार सय तिन)

ख) प्रदेश सरकारबाट प्राप्त रकम र.३९२३७०००/ (अक्षेरुपी रु तिन करोड बयानब्बे लाख सर्तिस हजार)

ग) अन्तरिक आय रु.४००००००/- (अक्षेरुपी रु चालिस लाख)

घ) अनुमानित अल्या रकम रु २३००००००/- (अक्षेरुपी रु दुई करोड तिस लाख)

ङ) जि.स.स. बाट प्राप्त रकम रु २३०००००/- (अक्षेरुपी रु त्याइस लाख )

च) मालपोत (राजश्व बाँडफाँड) रु १२०००००/ (अक्षेरुपी रु बाई लाख)

छ) एम्बुलेन्स आय रु २००००००/- (अक्षेरुपी रु बिस लाख)

१९. आगामी आ.व. का लागि राजश्व तथा करका दरहरुको बिस्तृत विवरण आर्थिक ऐन २०७८ मा समाबेश गरिएको छ ।

२०. योजना र कार्यक्रम तथा आय व्ययको बिस्तृत विवरण बिनियोजन ऐन २०७८ मा समाबेश गरिएको छ ।

२१. बजेटमा व्यवस्था गरिएका योजना तथा कार्यक्रमहरु उद्धेश्य अनुरुप कार्यन्वयन गरी खुशी र सुखी गाउँपालिका बनाउन सम्पूर्ण सभाका सदस्यहरु अहोरात्र लग्नु हुने छ । यसको कार्यन्वयनमा राष्ट्र सेवक

कर्मचारीहरु सदा झैं खटिनु हुने अपेक्षा सहित लुङ्ग्री गाउँपालिका निवासी नागरिकहरु, राजनितिक दलहरु, बुद्धिजिबि र समाजसेवीहरुबाट सहयोगको अपेक्षा राख्दछु ।

अन्त्यमा, यस गाउँपालिकाले तय गरका दिर्घकालिन सोच, उद्धेश्य र नीति कार्यक्रमहरु प्राथमिकताका साथ अघि  सारेको बार्षिक बजेटको कार्यन्वयनबाट यस गाउँपालिकालाई समृद्ध बनाउन योगदान पुर्याउने कुरामा बिश्वास राख्दै बार्षिक बजेट तर्जुमा गर्न सहयोग गर्ने सम्पूर्ण सभा सदस्यज्यूहरु, बिषयगत समितिका पदाधिकारीहरु, राजश्व परामर्श समितिका पदाधिकारीहरु, श्रोत अनुमान तथा बजेट निर्धारण समितका पदाधिकारीहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीहरु, स्थानीय बुद्धिजीबीहरु, समाजसेवी, शिक्षकहरु, आम नागरिक र राष्ट्रसेवक कर्मचारीहरु लगायत सबैमा हार्दिक धन्यबाद दिदै बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन गरी यस गाउँपालिकालाई सुखी, सभ्य र समृद्धिको शृंखलाको प्रथम सिढीको रुपमा सार्थक तुल्याउन सबैको साथ, सहयोग र सहकार्यको आशा र बिश्वासका साथ बिदा माग्दछु ।

धन्यवाद ।

दुर्गा बहादुर खड्का
गा.पा. अध्यक्ष